# सिंचाई आधुनिकीकरण अभिबृद्धि आयोजना

IMEP अन्तर्गत कृषि मेसिनरी तथा उपकरणको प्रदर्शन सम्बन्धी ADP Implementation guideline मा भएको व्यवस्था बारे साझा र स्पष्ट बुझाइका लागि नेपालीमा अनुवाद

ADP Implementation guideline को अनुसूची ६ Agriculture Support Activities under OUTPUT 3 अन्तर्गत **3.3** मा रहेको DEMONSTRATIONS AND TRAINING FOR MACHINERY AND FACILITIES **प्रावधान अनुसार प्रदर्शनका लागि मेसिन औजार खरिद तथा संचालन बिषयमा निम्न अनुसार व्यवस्था रहेको छ ।**

१. कृषि मेसिनरी तथा उपकरण

| क.सं. | क्रियाकलाप | उद्देश्य | कार्यान्वयन प्रक्रिया | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| १. | कृषि मेसिनरी तथा उपकरणको प्रदर्शन (३ सिजनमा/ AKC/ADO मार्फत २ बाली वर्षका लागि।] | –आधुनिक मेसिनरीको प्रयोग मार्फत जमिन तयारी, बाली रोप्ने, झारपात गोड्ने, बाली भित्र्याउने र बाली भित्र्याइसकेपछिका कृयाकलापहरुमा दक्षता अभिवृद्धि प्रदर्शन गर्ने ।<br>–[कृषि कार्यहरू समयमै संचालन गरी गुणस्तरमा सुधार ल्याउँदै कृषिश्रमको लागत, कार्यसमय र कडा परिश्रममा कमी ल्याउनु ।<br>–उपयुक्त यान्त्रिकीकरण प्रविधिहरू अपनाउन जल उपभोक्ता समिति(WUA) तथा किसानको क्षमता अभिवृद्धि गर्ने । | **क. कृषि मेसिनरी तथा उपकरण खरिद**<br>– **आवश्यकता पहिचान** (बाली योजना र किसानको मागको आधारमा मेसिनरीहरु (जस्तैः बीउ छर्ने यन्त्र, काट्ने यन्त्र, थ्रेसर, सिँचाइ उपकरण) को आवश्यकता पहिचान गर्ने । यस क्रममा WUA/समिति/सहकारी, कृषि प्रसार सेवा प्रदायक निकायहरु तथा सम्बन्धित NAMP एकाइ सँग परामर्श गर्ने )<br>– **स्पेसिफिकेसन तयार गर्ने** [मेसिनरी तथा उपकरणको विस्तृत प्राविधिक स्पेसिफिकेसन र कार्यसम्पादन मापदण्ड तयार गर्ने तथा राष्ट्रिय मापदण्ड र स्थानीय अवस्थासँग अनुकूलता सुनिश्चित गर्ने।]<br>– **खरिद योजना** (प्रदर्शनका लागि छनोट गरिएका मेसिनरी तथा उपकरणलाई वार्षिक/त्रैमासिक खरिद योजनामा समावेश गर्ने र प्रचलित खरिद नियम तथा प्रक्रियाअनुसार उपयुक्त खरिद विधि निर्धारण गर्ने।)<br>– **बोलपत्र र आपूर्तिकर्ता छनौट** (आवश्यक बोलपत्र सम्बन्धी कागजात तयार गरी योग्य आपूर्तिकर्तालाई प्रतिस्पर्धामा सहभागी हुन सूचना आह्वान गर्ने। प्राविधिक अनुकूलता, लागत, वारेन्टी, बिक्रीपछिको सेवा तथा अन्य निर्धारित शर्तका आधारमा बोलपत्रको मुल्याङ्कन गरी आपूर्तिकर्ता छनोट गर्ने)<br>– **ठेक्का सदर,सम्झौता तथा मेसिनरी उपकरण आपूर्तिः** स्वीकृत खरिद प्रक्रिया बमोजिम ठेक्का सम्झौता गर्ने, तोकिएको समयमा मेसिनरी तथा उपकरण आपूर्ति सुनिश्चित गर्ने र आपूर्ति भएका सामग्रीको गुणस्तर तथा स्वीकृत स्पेसिफिकेसन अनुसार परीक्षण गर्ने।<br>– **जडान, परीक्षण र प्रमाणीकरण** (प्रदर्शन स्थल वा तोकिएको स्थानमा आपूर्ति गरिएको मेसिनरी जडान गर्ने, फिल्डमा संचालन गरी परीक्षण र प्रमाणीकरण गर्ने )<br>**ख. कृषि मेसिनरी तथा उपकरणको प्रदर्शन** | – आवश्यक कृषि मेसिनरी तथा उपकरण खरिद, जडान, परीक्षण र प्रदर्शन सम्पन्न भएको हुनेछ।<br>– किसान, जल उपभोक्ता संस्था/समिति, सहकारी, मेसिनरी सञ्चालक तथा कृषि प्राविधिकको व्यावहारिक ज्ञान तथा सीप अभिवृद्धि भएको हुनेछ।<br>– कृषि कार्यमा समयको बचत, श्रम तथा लागत न्यूनीकरण र कार्यदक्षतामा सुधार भएको हुनेछ।<br>– उपयुक्त यान्त्रिकीकरण प्रविधिको व्यापक अवलम्बन तथा विस्तारका लागि आवश्यक अनुभव, तथ्य तथा पृष्ठपोषण प्राप्त भएको हुनेछ।<br>– मेसिनरी तथा उपकरण स्पष्ट सञ्चालन तथा |

| क.सं. | क्रियाकलाप | उद्देश्य | कार्यान्वयन प्रक्रिया | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| | | | – **प्रदर्शन स्थल छनोट** (सिंचाइ उप-आयोजनाको कमान्ड क्षेत्रभित्र प्रतिनिधिमूलक प्रदर्शन स्थल पहिचान गर्ने। सहज पहुँच र आवश्यक व्यवस्थापन तथा परिचालन क्षमता भएका सहकारी वा जल उपभोक्ता संस्था/समितिका अगुवा किसान छनोट गर्ने।)<br>– **प्रदर्शन योजना तयार गर्ने** (प्रदर्शनमा समावेश हुने क्रियाकलाप, बाली, समय, प्रविधि तथा कार्यसम्पादन सूचकहरू समेटी प्रदर्शन कार्ययोजना तयार गर्ने। बाली पात्रो तथा सिँचाइ सुविधाको उपलब्धतासँग समन्वय गरी प्रदर्शन सञ्चालनको समय निर्धारण गर्ने।<br>– **तालिम तथा फिल्ड अभिमुखीकरण** (किसान, मेसिन अपरेटर तथा कृषि प्राविधिक कर्मचारीलाई आवश्यक व्यावहारिक तालिम प्रदान गर्ने। जल उपभोक्ता समिति (WUA)/सहकारी (WUC) लाई मेसिनरीको सञ्चालन, मर्मत सम्भार, सुरक्षा सावधानी तथा यसबाट प्राप्त हुने सम्भावित लाभबारे अभिमुखीकरण गर्ने।<br>– **प्रदर्शन संचालन** (किसानको सक्रिय सहभागितामा फिल्ड प्रदर्शन सञ्चालन गर्ने। मेसिनरीको सञ्चालन दक्षता, श्रम तथा लागत बचत, समयमै कृषि कार्य सम्पन्न हुने अवस्था तथा उत्पादकत्वमा हुने सुधारलाई व्यावहारिक रूपमा प्रदर्शन गर्ने।<br>– **डकुमेन्टेसन र पृष्ठपोषण** (प्रदर्शनका परिणामहरु रेकर्ड गर्ने । फोटो र किसानवाट प्राप्त प्रतिक्रियाहरु, मेसिनरी तथा उपकरणको कार्यसम्पादन,सिकाइ, चुनौती र प्रदर्शन अनुसारको कार्य बिस्तारको संभावना (scalability potential) को मूल्याङ्कन गर्ने ।)<br>ग. हस्तान्तरण तथा प्रदर्शनपछिको सहयोग<br>– **हस्तान्तरणसम्बन्धी कागजात** (औपचारिकरुपमा मेसिन हस्तान्तरण गर्नका लागि हस्तान्तरण प्रक्रियासम्बन्धी कागजात तयार गर्ने तथा मेसिन उपकरण सञ्चालन र मर्मत सम्भार (O&M) सम्बन्धी guideline तयार गर्ने ।<br>– **मेसिनरी हस्तान्तरण** (तोकिएको जल उपभोक्ता संस्था (WUA)/सहकारी (WUC)/ कृषि उत्पादन तथा मूल्य शृङ्खला सहयोग उप समितिलाई स्वीकृत शर्त तथा सम्झौता बमोजिम मेसिनरी तथा उपकरण हस्तान्तरण गर्ने।<br>– **हस्तान्तरण पछिको जिम्मेवारी निर्धारण** (मेसिनरीको सञ्चालन, नियमित मर्मत सम्भार, सेवा शुल्क असुली, अभिलेख व्यवस्थापन तथा प्रतिवेदन सम्बन्धी जिम्मेवारी स्पष्ट रूपमा निर्धारण गर्न सहयोग गर्ने ) | मर्मतसम्भार व्यवस्थासहित सम्बन्धित संस्थालाई हस्तान्तरण भएको हुनेछ .<br>– समुदायस्तरमा कृषि यान्त्रिकीकरणसम्वन्धी दिगो सञ्चालन तथा व्यवस्थापन क्षमता अभिवृद्धि भएको हुनेछ। |